# निर्धन उत्थान बैंकद्धारा उद्यमशीलता विकास तालिम सम्पन्न




**बैंकिङ खबर ।** निर्धन उत्थान लघुवित्त वितीय संस्था लिमिटेडले आफ्ना ग्राहक सदस्यहरुको सहभागितामा मंसिर ८ गतेदेखि १० गतेसम्म दाङ जिल्लाको घोराहीमा "उद्यमशीलता विकास तालिम"सम्पन्न गरेको छ । उक्त तालिम घोराही शाखाका १९ जना ग्राहक सदस्यहरुको सहभागितामा उद्यमशीलता विकास तालिम सम्पन्न गरेको हो ।

तालिम प्रशिक्षकहरुमा संस्थाको क्षेत्रीय कार्यालय कोहलपुरका कार्यक्रम अधिकृतद्धय जिताराम गौतम र प्रेम प्रसाद सुवेदी रहेका थिए ।

कार्यक्रमको अध्यक्षता घोराही शाखाका प्रमुख बिरेन्द्र प्रसाद आचार्यले गरेका थिए । कार्यक्रममा बोल्दै घोराही उपमहानगर पालिका वार्ड नं. १ का वडाध्यक्ष राम मणि पाण्डेले समाजलाई आर्थिक रुपमा रुपान्तरित गर्ने कार्यमा निर्धन उत्थान लघुबित्त बित्तीय संस्था लिमिटेडले टेवा पुर्याउदै आएको र यस किसिमको तालिमले ग्राहकहरुलाई उद्यमी बन्ने, ब्यवसाय गर्ने सोंचको विकास हुँदै जाने भएकाले संस्था र स्थानीय निकाय बीच हातेमालो गरी अगाडि बढ्न सकेमा समाजमा नयाँ उद्यमीहरुको विकास गर्न सकिने बताए ।

सहभागीहरुको तर्फबाट जिता भण्डारी र बिष्णु विष्टले तालिमबाट आफूहरुले धेरै कुरा सिक्न पाएको बताउँदै समाजमा सीप बिकास सम्बन्धी तालिमहरुको समेत आवश्यकता रहेको जनाए ।

उद्यमशीलता विकास तालिम फाईदाजनक तालिम रहेको ग्राहक सदस्यहरुले बताए । संस्थाले विभिन्न किसिमका तालिमहरु प्रदान गर्दै आफ्नो ग्राहक सदस्यहरुको आर्थिक विकास, सामाजिक विकास गर्दै आएकोमा सहभागीहरुले खुसि व्यक्त गरे ।

कार्यक्रममा बोल्दै अधिकृत गौतमले एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको कुरा समेत जानकारी दिए ।